# बसबरिया गाउँपालिका

## भवानीपुर,सर्लाही

## आर्थिक वर्ष २०७६/०७७ को

## नीति, बजेट तथा कार्यक्रम वक्तव्य

२०७६/७७ को नीति तथा कार्यक्रम

मिति: २०७६/०३/१०

क्रमस : 1

Scanned by CamScanner

गाउँसभाको बैठकमा २०७६ असार १० गते
उपा-अध्यक्ष श्री रिना कुमारी यादवज्युले
प्रस्तुत गर्नुभएको
नीति बजेट तथा कार्यक्रम

आ. व. २०७६/०७७ को
बजेट वक्तव्य
बसबरिया गाउँपालिका
२०७४



Scanned by CamScanner

यस तेस्रो गाउँसभाका सभाध्यक्ष तथा गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू नगरसभा सदस्यज्यूहरु,
उपस्थित महानुभावहरु

१ सर्वप्रथम, म, यस गाउँपालिकाका निर्वाचित पदाधिकारीज्यूहरुलाई, गाउँपालिका अधक्ष्यज्यु र गाउँकार्यपालिका परिवारको तर्फबाट हार्दिक स्वागत गर्दछु । साथै देशमा प्रजातन्त्रको स्थापना गर्न तथा जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाउने महान अभियानमा शहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

२ यस गाउँपालिकाको स्थापना साविकका गा.वि.स. हरु मानपुर, भवानीपुर, धनगडा, सहोड्वा गाभिएर २०७४ मा यस बसबरिया गाउँपालिकाको घोषणा भएको हो । यस गाउँपालिकामा जम्मा छै वटा वडाहरु छन । विकासपथमा वामे सरिरहेको यस बसबरिया गाउँपालिकाको विविध समस्या, चुनौति र अवसरहरु छन भन्ने कुरा हामी सबैमा विदितै छ । यसका बावजुद पनि यस गाउँपालिकाको क्षेत्रको विकास कसरी गर्न सकिन्छ भन्ने तर्फ निर्वाचित गाउँसभा र गाउँकार्यपालिका प्रतिवद्धत र कटिवद्ध छ भन्ने म विश्वास दिलाउन चाहन्छु । हामी सबैलाई थाहा छ, लामो समयको अन्तराल पछि भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरु जनताका आकांक्षा, चाहना र भावनालाई सम्बोधन गर्ने दृढ सकल्पका साथ यहाँ उपस्थित भएका छौं ।

**आदरणीय गाउँसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरु,**

३ यस तेस्रो गाउँसभामा आ.व. २०७६/०७७ का लागि वार्षिक नीति तथा कार्यक्रम र वजेट समेत यस सम्मानित सभा मार्फत समग्र गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा म आफु र यस गाउँ सभालाई गौरवान्वीत ठानेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँवासीहरु, निर्वाचित पदाधिकारीहरु, राजनैतिक दलका पदाधिकारीहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, नागरिक समाजका अभियन्ताहरु, शिक्षक, पत्रकार, साहित्यकार वुद्धिजिवी र समाजसेवीहरु प्रति आभार व्यक्त गर्दछु ।

**आदरणीय गाउँसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरु,**

४ हाम्रा ईच्छा, आकांक्षा, चाहना र आवश्यकताहरु असीमित तर स्रोत र साधनहरु सीमित छन । उपलब्ध सिमित स्रोत र साधनबाट समग्र गाउँपालिकाको सम्पूर्ण नागरिकहरुको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा एक चुनौतिपूर्ण कार्य हो । त्यसैले सीमित स्रोत र साधनलाई प्राथमिकताका साथ परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र बाध्यता हो । यस तर्फ सम्पूर्ण सदस्यज्यूहरुको सहयोग र सहकार्यको आशा लिएको छु ।

**आदरणीय गाउँसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरु,**

५ अब, म यस गाउँपालिकाको आ.व. २०७६/०७७ को नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्नु पूर्व यस गाउँपालिकाको दीर्घकालिन सोच (Vision), लक्ष्य (Goal), उद्येश्य (Objective) र अपेक्षित उपलब्धि (Expected Outcomes) को बारेमा संक्षिप्त प्रस्तुति गर्दछु ।

**क. दीर्घकालिन सोच (Vision)** : यस बसबरिया गाउँपालिकालाई विकासको बाटोमा अग्रसर गराउन कृषि, व्यापार, पर्यटन र उद्योग तथा पूर्वाधारको समग्र विकास गरी सुन्दर र समृद्ध गाउँपालिका निर्माण गर्ने दीर्घकालीन सोच रहेको छ ।

**ख. लक्ष्य (Goal)**: आगामी ५ वर्ष भित्र जैविक कृषि उत्पादन, पशुपालन, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तिय व्यवस्थापन, पर्याप्त शहरी पूर्वाधारको विकास र अझ त्यस भन्दा अगाडी मानवीय स्रोतको विकासबाट नागरिकको आयस्तर वृद्धि गरी नेपाल कै एक सम्मुन्नत गाउँपालिका निर्माण गर्ने ।



Scanned by CamScanner

ग. उद्देश्य (Objective):

१। कृषि व्यवसाय, पर्यटन, उद्योग तथा व्यापार र व्यवस्थित वसोवासलाई सहयोग पुग्ने गरी लिंकरोड निर्माण गर्ने ।
२। जैविक कृषि उत्पादन तथा पशुपालनमा आत्मनिर्भर बनाउने
३। विभिन्न पर्यटन क्षेत्रको विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकको गन्तव्य क्षेत्र बनाउने ।
४। सबै वडा कार्यालयहरुलाई कालो पत्रे सडक संजालले जोड्ने ।
५। सबै वडा कार्यालय भवनहरु निर्माण गर्ने ।
६। एक स्थानीय तह एक औद्योगिक क्षेत्रको अवधारणा अनुरुप औद्योगिक क्षेत्रको घोषणा गरी राष्ट्रिय भु-उपयोग नीति अनुसार होटल तथा रिसोर्ट सञ्चालन क्षेत्र, वस्ती क्षेत्र तथा कृषि क्षेत्रमा जमिनको विभाजन गर्ने ।
७। गाउँपालिका क्षेत्रमा उच्च शिक्षा प्रदान गर्ने प्राविधिक शिक्षालयको स्थापना गर्ने ।
८। गाउँपालिकामा रहेका स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी सुविधा सम्पन्न अस्पतालको रुपमा विकास गर्ने ।
९। गाउँपालिका भित्र सञ्चालित विद्यालयहरुमा गुणस्तरीय शिक्षाको प्रत्याभूती गर्ने ।
१०। सबैलाई स्वच्छ पिउने पानी पुर्‍याउने अवधारणा अनुरुप सबै स्थानमा खानेपानी उपलब्ध गराउने ।
११। पूर्ण सरसफाई युक्त गाउँपालिका निर्माण गर्ने ।
१२। बालमैत्री र वातावरणमैत्री गाउँपालिका निर्माण गर्ने ।
१३। बालश्रम, बालविवाह, छुवाछुत तथा कु-संस्कार मुक्त गाउँ घोषण गर्ने ।

घ.अपेक्षित उपलब्धि:( Expected Outcomes)

१। आगामी पाँच वर्ष भित्र गाउँबासीको प्रतिव्यक्ति औसत आम्दानी मध्यम स्तरको बन्नेछ ।
२। गाउँ वासीको औसत आयु ७५ वर्ष पुग्नेछ ।
३। बाल मृत्युदर र मातृ मृत्युदर न्यून हुनेछ ।
४। पूर्ण साक्षर गाउँपालिका हुनेछ ।
५। बालश्रम, बालविवाह, छुवाछुत तथा कु-संस्कार मुक्त र वातावरणमैत्री हरित टोलवस्ति सहितको शहर निर्माण हुनेछ ।
६। ग्रामीण विद्युतिकरण र कृषी विद्युतिकरणमा टेवा पुग्ने छ ।

**आदरणीय सभाध्यक्ष तथा गाउँसभा सदस्यज्यूहरु,**

६. अब, म यस गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमाको लागि अवलम्बन गरिएका पद्धति तथा लिइएका आधारहरुको बारेमा उल्लेख गर्न चाहन्छु । जसमा,

१। नेपालको संविधान, २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु र स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने भनि संविधानले परिभाषित गरेका अधिकारका क्षेत्रहरु ।
२। स्थानीय सरकार संचालन ऐन २०७४ र नेपाल सरकारबाट समय समयमा जारी भएका आदेश तथा निर्देशनहरु ।
३। दीगो विकासका लक्ष्य तथा त्रि-वर्षिय राष्ट्रिय योजनाले निर्धारण गरेका प्रमुख क्षेत्रहरु ।
४। वडा स्तरीय योजना तर्जुमा भेला तथा वडा समितिको सिफारिश, विषयगत समिति र योजना तर्जुमा तथा कार्यक्रम समितिबाट सिफारिश भई आएका योजनाहरु ।
५। राजश्व परामर्श समिति तथा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका निर्णयहरु ।
६। बजेट तथा कार्यक्रम तर्जुमा समितिका निर्णयहरु । विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक सुरक्षा, दिगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक समता, समावेशीकरण र सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री र वातावरण मैत्री स्थानीय शासन, आधारभूत स्वास्थ्य, पूर्ण साक्षरता, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, टोलवस्ति, उर्जा संकट, पूर्वाधार विकास लगायतका अन्तर सम्बन्धित विषयहरु लाई लिइएको छ



Scanned by CamScanner

आदरणीय गाउँसभा सभाध्यक्ष तथा सदस्यज्यूहरु,

७. आन्तरिक श्रोत साधन तथा बजेटको सीमित उपलब्धताका कारण योजना तथा कार्यक्रमहरुलाई प्राथमिकतापूर्वक क्रमशः कार्यान्वयन गर्दै लग्नुपर्ने बाध्यता भएकोले सो को लागि सालबसाली रुपमा आयोजनालाई विभाजन गरी प्राथमिकताका क्षेत्रहरुको पहिचान गर्नुपर्ने आजको आवश्यकता हो । गाउँपालिका ले प्रदान गर्ने सेवा सदृढिकरणमा तथा उपलब्ध गराउने सुविधामा बढोत्तरीमा पनि यही नियम लागु हुने गर्दछ । सोही सिद्धान्त अनुरुप हामीले योजना तथा कार्यक्रमहरु छनौट गर्दा देहायका आधारहरु तय गरी सोही अनुरुप योजना तथा कार्यक्रम छनौट गरेका छौं ।

**आधारहरु :**

१। आर्थिक विकासका नयाँ ढोका खोल्न सक्ने सम्भावित क्षेत्रहरु, जस्तै: कृषि, पशु, सहकारी,उद्योग र व्यापार, रोजगारी तथा पर्यटकीय विकास मार्ग आदी ।
२। स्थानीय पुर्वाधार विकास र स्तरोन्नतिका लागि स्थानीय सडक, कृषी सडक, ग्रामीण सडक, वैकल्पिक उर्जा, ग्रामीण विद्युतिकरण , खानेपानी र सिंचाईको विकास गरी जनताको जिवनस्तर बढाउन टेवा पुऱ्याउने ।
३। पिछडिएका क्षेत्र, वर्ग र समुदायलाई प्रत्यक्ष फाइदा पुग्ने र नयाँ रोजगारीको श्रृजना हुन सक्ने योजना तथा कार्यक्रमहरु ।
४। स्वास्थ्य र शिक्षाको उपलब्धता, पहुँच तथा गुणस्तरीयतामा अभिवृद्धि हुने कार्यक्रमहरु ।
५। महिला तथा बालबालिकालाई प्रत्यक्ष फाइदा हुने कार्यक्रमहरु ।
६। वातावरण संरक्षण तथा प्रवर्द्धन हुने कार्यक्रमहरु ।
७। विपदबाट कम क्षति पुग्ने र विपदको समयमा उद्दार गर्न सघाउ पुग्ने योजना तथा कार्यक्रमहरु ।
८। महिला, विपन्न दलित, पिछडा वर्ग, जनजाति, सिमान्तकृत समुदायको रोजगारी तथा प्रतिनिधित्वलाई टेवा पुऱ्याउने योजना तथा कार्यक्रमहरु ।
९। अधुरा र क्रमागत योजनाहरुलाई पुरा गर्ने बजेट तथा कार्यक्रमहरु ।
१०। साविक गाउँपालिका र गाउँपालिका को परिषदले गरेका निर्णयहरु ।
११। क्षमता विकास र सार्वजनीक सेवा प्रवाहलाई पहुँचयोग्य बनाई प्रभावकारी गराउने ।
१२। गाउँपालिकाको सम्पतिहरुको खोजी गरी संरक्षण गरी आन्तरिक आय वृद्धि गर्न सघाउ पुऱ्याउने ।

आदरणीय गाउँसभा **सभाध्यक्ष तथा सदस्यज्यूहरु,**

८. अब, म, यस बसबरिया गाउँपालिकाको वर्तमान अवस्थाको समीक्षा तथा विश्लेषण प्रस्तुत गर्दछु

**क. आर्थिक विकास** : आर्थिक विकासको क्षेत्रमा यस गाउँपालिकादिनानुदिन प्रगति गरीराखेको छ । खास गरी यहाँ उत्पादित कृषी र पशुजन्य उत्पादनले बजार पाइरहेको छ । कृषि तथा पशुजन्य उत्पादन व्यवसायिकता तर्फ उन्मुख हुँदै गएको छ । होटल तथा रेष्टुरेन्टले पर्यटकीय विकासमा सहयोग पुऱ्याउदै आएको छ भने विभिन्न उद्योगहरु स्थापना, सहकारी स्थापना तथा संचालन, बैंक वित्तिय संस्थाहरुको उल्लेख्य उपस्थिति आदिले आर्थिक विकासमा अझ थप सुधार हुदैगएको ।

**ख. सामाजिक विकास** : शिक्षा, स्वास्थ्य, खानेपानी, महिला, बालबालिका, दलित, जनजाति, पिछडा वर्ग, विशेष क्षमता भएका नागरिक तथा जेष्ठ नागरिकहरुको उत्थान र विकासमा उल्लेख्य सुधार आएको छ । यस क्षेत्रका कार्यक्रम तथा योजनालाई अझ परिष्कृत गर्दै लानु पर्ने आवश्यकता देखिएको छ । सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत वितरण गर्ने कार्यलाई प्रारम्भ गरिने छ ।

**ग. पूर्वाधार विकास** : यस गाउँपालिकाक्षेत्र भित्र निर्माण भएका कालोपत्रे सडक न्युन छन । कच्ची सडकलाई क्रमिक रुपमा स्तरोन्नती गरी बाह्रै महिना सवारी चल्न सक्ने बनाउनुका साथै ढल सहितको कालोपत्रे सडक निर्माण कार्यलाई अगाडि बढाउनु परेको छ । त्यसै गरी सामुदायिक भवन निर्माण, ग्रमीण विद्युतिकरण तथा साना पुल पुलेसा निर्माणको कार्यमा थप बजेटको आवश्यकता रहेको छ ।



Scanned by CamScanner

घ. वातावरण तथा विपद व्यवस्थापन : यस गाउँपालिकाविपद पूर्वको (Pre Disaster), विपद्को अवस्था ( During Disaster) र विपद पश्चातको राहत प्रतिकार्यको अवस्था (Post Disaster) सम्वन्धि कार्य योजना बनाई लागु गर्नुपर्ने देखिन्छ । हाल गाउँपालिकामा यस सम्बन्धमा ठोस कार्य योजना बनेको छैन । यस सम्बन्धमा मापदण्ड सहितको कार्य योजना यथाशिघ्र बनाई लागु गर्नु पर्ने देखिन्छ । यसै गरी वातावरण संरक्षण, प्रवर्द्धन र सरसफाईमा विशेष ध्यान पुऱ्याउने देखिन्छ ।

ङ. सार्वजनिक सेवा प्रवाह र क्षमता विकास समिति : यस गाउँपालिका तथा ६ वटै वडा कार्यालयबाट सेवा प्रवाह भईरहको छ । सेवा प्रवाहलाई थप व्यवस्थित गर्न संस्थागत र कानुनी व्यवस्था गरी कार्यान्वयन गरिनेछ । यसका साथै पदाधिकारी र कर्मचारीको ज्ञान (Knowledge), सिप (Skills), प्रवृत्ति (Attitude) सम्वन्धि एवं क्षमता विकास सम्वन्धी कार्यक्रम संचालन गरिनेछ । यसका साथै कार्यालयको वातावरण (Working Condition) र कार्य संस्कृति (Working Culture) को पद्धति विकासमा विषेश ध्यान दिईनेछ । यसै गरी विषयगत क्षेत्रका शिक्षा शाखा, स्वास्थ्य शाखा, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकि, कृषि शाखा, पशु शाखा, महिला बालबालिका विकास शाखा जस्ता शाखाहरुको माध्यमबाट सेवा प्रवाह भईरहेको छ । साथै विद्यालयबाट समेत पठन पाठनको कार्य सुचारु भईरहेको छ । यस्ता विषयगत कार्यालयबाट प्रवाह गरिने सेवालाई जवाफदेही र जनमुखि बनाईनेछ ।

च. वित्तिय व्यवस्थापन र सुशासन :
गाउँपालिकासबै प्रकारका वित्तिय अनुशासन कायम हुने कार्य, समयमा नै वित्तिय प्रतिवेदन पेश गर्ने कार्य गर्दै आएको र यसलाई अझ व्यवस्थित तथा प्रभावकारी बनाईनेछ ।

**आदरणीय गाउँसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरु,**

११. अब म, यस गाउँपालिकाले आगामी दिनमा विभिन्न विषयगत क्षेत्रको विकासमा अवलम्बन गर्ने नीतिका वारेमा विस्तृत विवेचना प्रस्तुत गर्दछु ।

**विविध**

१. सार्वजनिक खोला, पर्तीको डिल, नहर, सडकक्षेत्र वा यस्तै प्रकारका सार्वजनिक विद्यालय गुठी मठ मन्दिर लगायत सार्वजनिक संघ संस्थाको जग्गा मिचि संरचना बनाएका जो कोहीको सम्बन्धमा तथ्यांक अध्यावधिक गरी प्रचलित कानुन बमोजिम भत्काउन लगाउने अटेर गर्नेको हकमा गाउँपालिकाबाट प्रवाह हुने सवै प्रकारका सार्वजनिक सेवा रोक्का गरी प्रचलित कानून बमोजिम गरीने छ ।

१. **गाउँवासीका गुनासाहरु गा.पा. अध्यक्ष र उपाध्यक्षसंगै** भन्ने सिद्धान्तलाई अवलम्बन गरीने छ । जसका लागि हरेक महिनाको १ दिन १ वडालाई समय र मिति निर्धारण गरी गा.पा. अध्यक्ष, उपाध्यक्ष, र प्रमुख प्रशासकीय अधिकृत वडा कार्यालयमा गएर बस्ने र जनताका समस्या र गुनासहरु सुन्ने नीतिलाई कार्यान्वयनमा ल्याईने छ ।

२. गाउँपालिका क्षेत्र भित्र भएका दाह संस्कार घाटहरुको स्तरोन्नती र विकास गर्दै लाने नीति अवलम्बन गरीनेछ । जसका लागि स्थानीय नगरवासी, नीजि क्षेत्रको सहकार्यमा दाह संस्कार घाट निर्माण र व्यवस्थापन गर्दै लगिने छ । नगरले शवयात्रा वाहन खरीद गरी नागरीकहरुलाई शवयात्रा वाहनको सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

३. नगरको सुरक्षा र हाटवजार व्यवस्थापनका लागि प्रचलित कानून बमोजिम नगर प्रहरीको व्यवस्थापन गर्ने नीति अवलम्वन गरीने छ ।

४. नगर क्षेत्रमा कृयाशिल गैह्र सरकारी संस्थाहरुले नगर क्षेत्रमा कार्यक्रम तथा परियोजनाहरु संचालन गर्दा नेपाल सरकारको घोषित नीति बमोजिम गाउँपालिकाबाट स्वीकृति प्राप्त गरे पश्चात मात्र कार्यक्रम तथा परियोजना संचालन गर्न दिने नीतिलाई कडाईका साथ कार्यान्वयमा ल्याईने छ । उल्लेखित संस्थाहरुले संचालन गर्ने समान प्रकृतिका कार्यक्रम र परियोजनालाई गाउँपालिकाको स्वीकृति लिई संयुक्त रुपमा संचालन गराउने नीति अवलम्वन गरीने छ ।



Scanned by CamScanner

५ नगरका सडक क्षेत्रहरुलाई सुरक्षित बनाउनका लागि छाडा चौपाया नियन्त्रण गर्ने नीति अवलम्वन गरीने छ । सडक पेटिमा, सार्वजनिक स्थलमा फोहोर फाल्ने, घरपालुवा जनावर मरेपछि सडकमा ल्याएर छोड्ने, सार्वजनिक जग्गामा पर्ने गरी सेफटी टेंकी राख्ने, घर तथा भवनबाट निस्कासन हुने पानी सार्वजनिक क्षेत्रमा पर्ने गरी निकास गर्ने, गाउँपालिकाले तोके वमोजिमका कुहिने र नकुहिने फोहोर नछुट्याउने, तोकिएको मापदण्ड बाहेकको प्लास्टिक झोला प्रयोग गर्ने, शिशा र शिशा जन्य फोहोरहरु जथाभावी विसर्जन गर्ने, अस्पतालबाट श्रृजीत फोहोरहरु साथै व्यवसायिक तथा औधोगिक प्रतिष्ठानबाट श्रृजीत फोहोरहरुलाई तोकिए वमोजिम व्यवस्थापन नगर्नेहरुलाई फोहोरमैला व्यवस्थापन ऐन २०६८ मुताविक दन्ड जरीवाना गरीने छ ।

**आदरणीय गाउँसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरु,**

६ अब म, यस आ.व.को प्रस्तावित आय व्यय र विनियोजीत बजेटको विवरण प्रस्तुत गर्दछु ।

१.यस आ.व. २०७६/०७७ को लागि आन्तरिक आय निर्धारण गर्दा कुल **आन्तरिक राजशवबाट रु. १० लाख (** अनुमानित ) **नेपाल सरकारबाट राजश्व बाँडफाँडबाट रु. ५ करोड ६६ लाख** प्राप्त हुने अनुमान गरिएको छ । नेपाल सरकारको **वित्तिय समानिकरण अनुदानबाट रु ९ करोड ३ लाख तथा सशर्त अनुदान तर्फ रु. ६ करोड २५ लाख अनुदान प्राप्त हुने व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु । त्यसै गरी प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट २१ लाख २० हजार ९ सय ६० , वित्तिय समानिकरण अनुदान तर्फ ६९ लाख** ६३ हजार, **सशर्त अनुदान तर्फ रु. ५० लाख, बिशेष** अनुदान रु. २० लाख र सम्पुरक अनुदान ३० लाख प्राप्त भएको छ । साथै **सामाजिक सुरक्षा तर्फ रु. २ करोड ५० लाख, बहुक्षेत्रीय पोषण कार्यक्रममा रु. १६ लाख** २ हजार, प्राप्त हुने अनुमान गरी जम्मा बजेट सिमा निर्धारण गरिएको छ । कुल आय २५ करोड ६० लाख ८५ हजार ९ सय ६० मध्ये चालु खर्च रु ८ करोड ३७ लाख २० हजार ९ सय ६० र बाँकी १७ करोड २३ लाख ६५ हजार पूँजीगत खर्च अन्तर्गत खर्च हुने अनुमान गरिएको छ ।

२ नेपाल सरकारबाट सशर्त अनुदान तर्फ रु ६ करोड २५ लाख प्राप्त भएको छ । नेपाल सरकारबाट शिक्षा, स्वास्थ्य, पशु, कृषि, महिला तथा बालबालिका, उद्योग वाणिज्य जस्ता विषयगत शाखाबाट सञ्चालन गरिने गरी कार्यक्रम तथा त्यसमा लाग्ने लागत बजेट समेत एकिन भै निक्षेपित भई आएका विविध कार्यक्रमहरुको सन्दर्भमा उक्त कार्यक्रमहरुमा विनियोजित रकम बमोजिमको कार्यक्रम कार्यन्वयन गर्ने गरी स्वीकृत गरिएको छ ।

आदरणीय गाउँसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरु,

७ योजना तथा कार्यक्रम तर्जुमाका साथैं त्यसको सफल कार्यान्वयन गर्नु पर्दछ । योजनाको कार्यान्वयन गर्दा त्यसको गुणस्तर कायम गर्ने तथा समयमा नै सम्पन्न गर्नु चुनौतिको विषय रहेको छ । यस तर्फ आगामी दिनहरुमा गाउँसभा सदस्यज्युहरुबाट सहयोगको अपेक्षा गरिएको छ । विकासका कार्यक्रम के कति सम्पन्न भयो भन्दा पनि त्यसबाट नागरिकको जीवनमा हामीले के कति परिवर्तन ल्यायौ त्यो नै महत्वपूर्ण विषय हो । यस तर्फ पनि सबै सदस्यज्युहरुले मनन गर्नु हुनेछ र भावी दिनमा समवृद्ध र सु-संस्कृत नगर बनाउन सबै राजनैतिक दल, नागरिक समाज, निजि क्षेत्र, पेशागत संस्थाका महानुभावहरु, शिक्षक, पत्रकार लगायत सबै नगरबासीमा हार्दिक अपिल गर्दछु ।

अन्तमा,

८ स्थानीय तहले आफ्नो विकास निर्माणका योजना आफै बनाई, आफ्नो स्थानको विकास आफैले गर्ने कामको शुरुवात भएको छ । यस विशिष्ट अवसरमा गाउँसभाका सदस्यज्यूहरु, राजनैतिक दलका पदाधिकारीहरु, कर्मचारी साथीहरु, सञ्चारकर्मी साथीहरु, विभिन्न पेशा, क्षेत्र र समुदायको प्रतिनिधित्व गर्नु हुने महिला तथा सज्जन बृन्दमा, तपाईहरु मार्फत म, गाउँपालिका अधक्ष्य र यस बसबरिया गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।



Scanned by CamScanner

९. प्रस्तुत गरिएको नीति तथा कार्यक्रम लगायत प्रस्तावित बजेट तथा योजना माथि छलफलको लागि मिति २०७६/०३/१५ गते देखि बन्द सत्र प्रारम्भ हुनेछ।

धन्यवाद !

मिति : २०७६ असार १० गते।

रिना कुमारी यादव
उपा-अधक्ष्य
बसबरिया गाउँपालिका



Scanned by CamScanner